जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ ❋ अंक : २५४ ❋ २०८२ साल चैत्र २६ गते, बिहीबार ❋ Thursday, Arp.– 09 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## कलैयाका स मिलमा सामुदायिक बनको अवैध भण्डारण, काठ तस्करी र जंगल फडानी तीव्र



*संवाहक सम्वादाता-२५चैत्र, कलैया*
बाराको कलैया क्षेत्रमा दर्जनौं स-मिलमा सामुदायिक बन, साल, सखुवा र अन्य उच्च मूल्यका जंगली रुखहरूको अवैध भण्डारण र तस्करी बढ्दै गएको छ। स्थानीय र सरकारी स्रोतका अनुसार, यस अवैध व्यापारले नेपालका हरित वन सम्पत्ति नष्ट गर्नुका साथै कानुनी रूपमा उपलब्ध गरिनुपर्ने काठ बजार बाहिर तस्करीको बाटोमा जाने गरेको पुष्टि भएको छ।

स्थानीय वन स्रोतको अनुसार, सामुदायिक बन आवश्यकताभन्दा बढी निकाल्न नपाइने, र प्रति परिवार ३० क्यु फिट पुरानो लिलामी काठ वितरण हुने सरकारी व्यवस्था रहेको छ। तर, स मिल सञ्चालक र काठ तस्करबीच मिलेमतोका कारण यो नीति कार्यान्वयनमा आउन सकेको छैन। एक स्थानीय व्यापारीले भने, "काठ सिधै जंगलबाट कमिशनको आधारमा चिरान मिलसम्म ल्याइन्छ, उपभोक्ताले पाउने सक्दैनन्। यसरी कानुनी प्रक्रिया भंग हुँदै निजी नाफा कमाइन्छ।"

स्थानीय वन संरक्षण समितिहरू र सरकारी निकायहरूले नियमित अनुगमन नगरेकाले जंगल नष्ट हुने दर उच्च भएको छ। तथ्यांक अनुसार, सामुदायिक बनको सुरक्षा र वितरण जिम्मेवारी रहेका निकायहरूले भण्डारण र तस्करी नियन्त्रणमा अनुगमन नगर्दा अवैध कटानी र व्यापार तीव्र भएको छ।

स्थानीय वन संरक्षक र सुरक्षा निकायले भने, "जंगल फडानीसँगै जमिन हडपिँदै छ। वन तस्करका लागि धन, स्थानीय समुदायका लागि जोखिम बनेको छ।" उनले अवैध कटानी र भण्डारण रोक्न तत्काल छानबिन र कानुनी कारबाही आवश्यक रहेको बताए।

विशेषज्ञहरूले चेतावनी दिएका छन् कि यदि तुरुन्त नियमन र निगरानी कार्यान्वयन नगरीयो भने, जंगलको जैविक विविधता मात्र नभई स्थानीय अर्थतन्त्र र रोजगारी पनि जोखिममा पर्छ। तस्करीको जालोले वैध व्यापारी र उपभोक्तामा असन्तुष्टि फैलाएको छ।

स्थानीय स्रोतले खुलासा गरे अनुसार, स मिलका सञ्चालक र तस्करबीच मिलेमतोका कारण काठ चिरान उद्योगसम्म पुग्दा कानुनी प्रक्रिया भंग भइरहेको देखिन्छ।

बाँकी तेस्रो पृष्ठमा

## विदेशी राजदूतलाई प्रधानमन्त्रीका १२ प्राथमिकता, सहकार्य विस्तारमा जोड

*काठमाडौं –२५ चैत्र,*
बालेन शाहले नेपालस्थित विदेशी राजदूत तथा कूटनीतिक नियोग प्रमुखहरूसँग पहिलोपटक सामूहिक संवाद गर्दै सरकारको परराष्ट्र नीति, आर्थिक कूटनीति र अन्तर्राष्ट्रिय सहकार्यबारे स्पष्ट धारणा प्रस्तुत गरेका छन्।

प्रधानमन्त्री कार्यालयमा आयोजित उक्त कार्यक्रममा विभिन्न मुलुकका राजदूत तथा संयुक्त राष्ट्र संघ का प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। भेटका क्रममा प्रधानमन्त्रीले नेपालको वैदेशिक नीति सन्तुलन, व्यवहारिकता र राष्ट्रिय हितमा आधारित हुने दोहोऱ्याए।

उनले नेपालले सबै देशसँग समान सम्मान र दूरी कायम राख्दै सहकार्य विस्तार गर्ने नीति लिएको उल्लेख गरे। छिमेकी तथा मित्र राष्ट्रहरूसँग विश्वासमा आधारित सम्बन्ध मजबुत बनाउँदै विकास साझेदारीलाई अझ प्रभावकारी बनाउने सरकारको योजना रहेको बताए।

प्रधानमन्त्री शाहले विदेशमा रहेका



नेपाली नागरिकको सुरक्षा र हितलाई उच्च प्राथमिकतामा राखिने स्पष्ट पार्दै वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन पहल गरिने बताए। साथै, नेपाललाई लगानीमैत्री वातावरण बनाउँदै वैदेशिक पूँजी भित्र्याउने र उद्यमशीलता प्रवर्द्धन गर्ने लक्ष्य पनि उनले प्रस्तुत गरे।

राजनीतिक स्थायित्व, सुशासन र नीतिगत निरन्तरतामार्फत मुलुकलाई पूर्वानुमानयोग्य बनाउने सरकारको प्रतिबद्धता व्यक्त गर्दै उनले अन्तर्राष्ट्रिय समुदायलाई नेपालमा लगानी र सहकार्यका लागि आग्रह गरे। जलवायु परिवर्तन, दिगो विकास र क्षेत्रीय शान्तिमा नेपालले सक्रिय भूमिका खेल्ने उनको भनाइ थियो।

***प्रधानमन्त्रीका १२ सन्देशः***

१. मित्र राष्ट्रहरूसँगको सम्बन्ध अझ सुदृढ बनाउने
२. सबै देशसँगको सम्बन्धलाई

बाँकी तेस्रो पृष्ठमा

## पोखरिया नगरपालिकामा झडपजस्तो स्थिति, प्रमुख प्रशासकीय अधिकृत कार्यकक्षमै "होल्ड"

## कार्यलयमा फाइल भित्रको नोट र विचौलियाको नयाँ तरकिब, बाह्य देखिने सुशासन पर्दा भित्र अझै कटिल

> ***" कार्यालयहरूमा बाहिरी रूपमा सुशासन देखिए पनि भित्री व्यवहार अझै जटिल छ। सेवाग्राही अझै विचौलिया, ढिलाइ र झन्झटका शिकार भइरहेका छन्। कार्यालयभित्र वास्तविक सुधार, हेल्प डेस्कको प्रभावकारी प्रयोग र कर्मचारी प्रशिक्षण आवश्यक छ।"***



लेखकः पन्नालाल दास

मधेश प्रदेशका मालपोत, नापी र यातायात कार्यालयहरूमा सुशासनको नयाँ अभ्यास लागू भए पनि सेवाग्राही अझै असुविधा, झन्झन्ट र विचौलियाको नियन्त्रणमा चुनौती भोगिरहेका छन्। प्रधानमन्त्री बालेन शाहको सरकारले कार्यालयीन घुसखोरी, अनावश्यक शुल्क र विचौलियाको नियन्त्रणमा कडाई गरेपछि बाहिरी रूपमा सुशासनको छवि देखिए पनि भित्री व्यवहार अझै जटिल रहेको देखिएको छ।

स्थानीय स्रोतका अनुसार, बारा जिल्लामा मालपोत र नापी कार्यालयमा सिडियोको सक्रिय अनुगमनपछि विचौलियाको प्रवेशमा कडाई गरिएको छ। तर सेवाग्राहीहरूका लागि प्रक्रिया अझै अल्मलपूर्ण र समयखपत हुने बनेको छ। कार्यालय कर्मचारीहरूले ढिल्लसुस्ति, अनावश्यक झन्झट सिर्जना र फाईलहरू जटिल पार्ने प्रवृत्ति देखाउँदै सेवाग्राहीलाई विचौलियाको सहारा लिन बाध्य पार्ने गरेका छन्।

वीरगञ्ज मालपोत कार्यालयमा लेखापढी व्यवसायीहरूलाई 'विचौलिया' भन्दै नियन्त्रणमा लिँदा सेवा प्रवाह ठप्प परेको छ। सेवाग्राहीहरूले आफैं फाइल लिएर गए पनि कार्यालय कर्मचारीहरूले सहयोग नगरी झन्झट सिर्जना गर्ने र पुनः विचौलियाको मद्दत लिन बाध्य पार्ने गरेको स्थानीयहरूले बताएका छन्। यस क्रममा एक महिलाले आफ्नो फाईल अल्झिएको र कार्यालयमा असहयोग भोगेको गुनासो मिडियामा पोखेकी छन्।

यस्तै, यातायात कार्यालयमा अनुगमन टोलीले विचौलिया समाएपछि लेखापढी व्यवसायीहरूले कामकाज बन्द गर्दै विरोध गरेका थिए। कार्यालय बन्द हुँदा सेवाग्राहीहरू प्रभावित भएका छन् र दैनिक कामकाजमा ढिलाइ देखिएको छ।

सरकारी प्रयास अनुसार हेल्प डेस्क स्थापना गरिएको भए पनि सेवाग्राही अझै स्वतन्त्र रूपमा काम सम्पन्न गर्न असमर्थ रहेको देखिएको छ। अदालतको आदेश अनुसार हेल्प डेस्कको माध्यमबाट सुशासन लागू गर्नुपर्ने भए पनि कर्मचारीले अझै पुरानो प्रवृत्ति अपनाइरहेका छन्।

विशेषज्ञहरूले चेतावनी दिएका छन्, "सेवाग्राहीप्रति ईमान्दार, पारदर्शी व्यवहार लागू गर्दा सेवा छिटो र जकन्झटविनै पूरा गर्न सकिन्छ। तर कर्मचारीले अझै कार्यालयमा खेलाँचि, ढिलाइ र फाईल झुलाउने पुरानै पद्धति कायम राखेका छन्।"

जनकपुर, वीरगञ्ज लगायत प्रदेशका प्रमुख कार्यालयहरूमा सक्रिय अनुगमन, चेतावनी र विचौलिया नियन्त्रणका प्रयासले बाहिरी रूपमा सुशासन लागू भएको देखिएको छ भने भित्री रूपमा अझ सुधार आवश्यक रहेको छ। नागरिकहरू चाहन्छन् कि सेवाग्राही विचौलिया मुक्त, छिटो, र पारदर्शी सेवा पाओस्।

स्थानीय नागरिक र सामाजिक

बाँकी तेस्रो पृष्ठमा

*संवाहक सम्वादाता-२५चैत्र, कलैया*
प्रादेशिक अस्पताल कलैयामा गुणस्तरीय सेवाको दावाको विषयमा चांसो राख्दै जेनजी एण्ड युथ अफ बाराले गरेको आकस्मिक अनुगमन गरेको छ।

अनुगमनमा वस्तु स्थिति प्रत्यक्ष निरिक्षणको क्रममा अस्पताल सेवामा गम्भीर बेथिति रहेको तथ्य बाहिर ल्याएको छ।

बारा जिल्लामा पछिल्लो समय अस्पतालप्रति बढ्दो असन्तुष्टिबीच कलैया उप-महानगरपालिकाका संयोजक सौरभ पाण्डेको नेतृत्वमा पुगेको टोलीले बिहानको समयमा निरीक्षण गरेको हो। अनुगमनका क्रममा कार्यालय समय बितिसक्दा पनि केही कर्मचारी अनुपस्थित



रहेको र कतिपय बिना हाजिरी नै काम गरिरहेको भेटिएको जनाइएको छ।

टोलीका अनुसार प्रयोगशाला सेवा समयमै सञ्चालन नभएको, अस्पताल परिसर अस्वच्छ रहेको तथा पार्किङ व्यवस्थापन कमजोर रहेको पाइयो। त्यस्तै, अस्पताल गेट नजिकै गुट्खा बिक्री भइरहेको, शौचालयमा आधारभूत सुविधा अभाव रहेको र बिरामीलाई विभिन्न

बाँकी तेस्रो पृष्ठमा

## कलैया उपमहानगरपालिकाले इन्धन खर्चमा ५० प्रतिशत कटौती

*संवाहक सम्वादाता-२५चैत्र, कलैया*
बारा जिल्लामा प्रहरीले लागुऔषध अफिमसहित दुई जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार पक्राउ पर्नेमा मकवानपुर जिल्ला कैलाश गाउँपालिका-२ का ५५ वर्षीय खड्गबहादुर मोक्तान र साबिक डाँडा खर्क गाविस-८ का ४९ वर्षीय लालबहादुर स्याङतान रहेका छन्।

प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार इलाका प्रहरी कार्यालय सिमरा र लागुऔषध नियन्त्रण ब्युरो वीरगञ्ज शाखाबाट खटिएको संयुक्त टोलीले विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरेको हो।



टोलीले जीतपुर-सिमरा उपमहानगरपालिका-२१ स्थित कल्पवृक्ष होटल नजिक हेटौंडाबाट सिमरातर्फ शंकास्पद रूपमा हिँडिरहेका अवस्थामा दुबै जनालाई नियन्त्रणमा लिएको थियो। प्रहरीले उनीहरूको साथबाट लुकाईछिपाई राखिएको करिब ९ सय ८२ ग्राम अफिम जस्तो देखिने पदार्थ बरामद गरेको जनाएको छ। उक्त लागुऔषध ओसारपसारमा संलग्न रहेको आरोपमा दुवैलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

> "सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
> - सेक्सपियर


**प्रकाशक/सम्पादक**
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

**सह-सम्पादक**
मुन्ना कुमार

**समाचार सम्पादक**
सरोज दास

**कानुनी सल्लाहकार**
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

**कम्प्युटर सेटिङ्ग**
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

**प्रधान कार्यालयः**
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय .......

# कानुन कागजमै सीमितः बारामा क्रसर उद्योगको मनपरी चरममा

बाराको विभिन्न क्षेत्रमा अवैध रूपमा सञ्चालन भइरहेका क्रसर उद्योगले अहिले वातावरण, अर्थतन्त्र र जनस्वास्थ्य तीनै क्षेत्रमा गम्भीर संकट निम्त्याइरहेका छन्। महागढीमाई नगरपालिका-७ लगायत क्षेत्रमा बिना दर्ता र अनुमति दुई दर्जनभन्दा बढी उद्योग सञ्चालनमा हुनु राज्य संयन्त्रकै कमजोरीको प्रत्यक्ष प्रमाण हो। विशेषगरी चुरे क्षेत्र मा भइरहेको अन्धाधुन्ध उत्खननले दीर्घकालीन प्राकृतिक विपत्तिको संकेत दिइरहेको छ। नदी तथा खोलाबाट अनियन्त्रित रूपमा बालुवा, गिट्टी र ढुङ्गा झिक्दा प्राकृतिक बहाव परिवर्तन भई बाढी र पहिरोको जोखिम बढेको छ। चुरेको दोहनले जंगल विनाश, जमिन कटान र जल स्रोत सुक्ने अवस्था सिर्जना हुनु केवल स्थानीय समस्या नभई राष्ट्रिय चिन्ताको विषय हो। यसका साथै, क्रसर उद्योगबाट निस्कने धुलो र प्रदूषणले स्थानीय बासिन्दाको स्वास्थ्यमा प्रत्यक्ष असर पारिरहेको छ। गुणस्तरहीन निर्माण सामग्री बजारमा पुग्नुले पूर्वाधारको दीर्घकालीन गुणस्तरमा समेत प्रश्न उठाएको छ। अझ गम्भीर कुरा–अवैध उत्खनन र कारोबारका कारण राज्यले करोडौं रुपैयाँ राजस्व गुमाइरहेको छ, जुन सीधा-सीधा आर्थिक अपराध हो। प्रशासनिक निकायहरूको भूमिका झन् चिन्ताजनक देखिन्छ। जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र प्रहरी प्रशासन जस्ता निकायको अनुगमन प्रभावकारी हुन नसक्नु वा 'देखावटी' मात्र हुनु प्रशासनिक उदासीनता र सम्भावित मिलेमतोतर्फ संकेत गर्छ। कानुन स्पष्ट हुँदाहुँदै कार्यान्वयन कमजोर हुनु नै समस्या जड हो। वातावरण संरक्षण ऐन २०७६ र खानी तथा खनिज पदार्थ ऐन ले बिना अनुमति उत्खनन, वातावरणीय प्रभाव मूल्यांकन नगरी सञ्चालन र मापदण्ड उल्लंघनमा जरिवाना, उद्योग बन्द तथा कैदसम्मको व्यवस्था गरेको छ। तर कानुन कागजमै सीमित हुँदा यसको प्रभाव शून्य जस्तै बनेको छ। अब समाधान स्पष्ट छ–अवैध उद्योग तत्काल बन्द गरिनुपर्छ, दोषीलाई कानुनी दायरामा ल्याइनुपर्छ र दर्ता तथा मापदण्डको कडाइका साथ पालना गराउनुपर्छ। साथै, पारदर्शी र नियमित अनुगमन प्रणाली विकास गर्नु अपरिहार्य छ। यदि अहिले नै कडाइ गरिएन भने बारामा देखिएको यो समस्या भोलि देशव्यापी वातावरणीय र आर्थिक संकटको रूप लिन सक्छ। राज्यले अब ढिलाइ गर्ने ठाउँ छैन।

# विश्वशान्तिको सन्देश




> युनेस्कोले सन् १९९७ मा लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेपछि यसको अन्तर्राष्ट्रिय महत्त्व अझ सुदृढ भएको छ । मायादेवी मन्दिर, अशोक स्तम्भ, पवित्र पुष्करिणी पोखरी जस्ता ऐतिहासिक संरचनाले बुद्धको जन्मसँग सम्बन्धित प्रामाणिकता स्थापित गर्छन् ।

शान्तिका दूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी आज केवल धार्मिक आस्थाको केन्द्रमा सीमित नरही विश्व समुदायलाई जोड्ने सांस्कृतिक, आध्यात्मिक र कूटनीतिक थलोका रूपमा विकास हुँदै गएको छ । नेपालसहित थाइल्यान्ड, क्याम्बोडिया, भारत, म्यानमार, श्रीलङ्का, चीन, जापान, दक्षिण कोरिया, फ्रान्स, जर्मनी, रुसलगायतका देशले आफ्ना मौलिक वास्तुकला र बौद्ध परम्परा झल्काउने गरी विहार, गुम्बा र ध्यान केन्द्र निर्माण गरेका छन् । लुम्बिनी विकास कोषका अनुसार १५ वटाभन्दा बढी देश र ४२ वटा अन्तर्राष्ट्रिय संस्थाको संलग्नतामा ३० वटाभन्दा बढी संरचना निर्माण भइसकेका छन्, जसले लुम्बिनीलाई 'जीवित बौद्ध सङ्ग्रहालय' का रूपमा स्थापित गरेको छ । लुम्बिनीको समग्र विकासका लागि जापानी योजनाविद् केन्जो टाङ्गेले तयार पारेको गुरुयोजना अत्यन्त महत्वपूर्ण मानिन्छ । संयुक्त राष्ट्रसङ्घका महासचिव उ थान्तको पहलमा तयार उक्त योजना अनुसार लुम्बिनीलाई उत्तरमा गाउँ क्षेत्र, बिचमा मोनास्टिक जोन र दक्षिणमा पवित्र बगैंचा (जहाँ मायादेवी मन्दिर अवस्थित छ) गरी तीन भागमा विभाजन गरिएको छ । यस अवधारणाले विश्वका विभिन्न बौद्ध परम्परालाई एउटै थलोमा अवलोकन गर्न सकिने वातावरण सिर्जना गरेको छ भने प्रत्येक विहारले सम्बन्धित देशसँग नेपालको कूटनीतिक सम्बन्धलाई थप बलियो बनाउने काम गरेको छ ।लुम्बिनीलाई विश्वले केवल धार्मिक स्थलका रूपमा मात्र होइन, एक सार्वभौमिक मानवीय मूल्यको केन्द्रका रूपमा स्वीकार गरेको छ । युनेस्कोले सन् १९९७ मा लुम्बिनीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेपछि यसको अन्तर्राष्ट्रिय महषव अझ सुदृढ भएको छ । मायादेवी मन्दिर, अशोकस्तम्भ, पवित्र पुष्करिणी पोखरी जस्ता ऐतिहासिक संरचनाहरूले बुद्धको जन्मसँग सम्बन्धित प्रामाणिकता स्थापित गर्छन् । सम्राट् अशोकले इसापूर्व तेस्रो शताब्दीमा लुम्बिनी भ्रमण गरी यहाँ स्तम्भ स्थापना गरेका थिए, जसले लुम्बिनीको ऐतिहासिक प्रामाणिकता विश्वसामु प्रस्तुत गऱ्यो । यसले लुम्बिनीलाई केवल धार्मिक नभई पुरातात्त्विक र सांस्कृतिक दृष्टिले पनि महत्वपूर्ण बनाएको छ ।

***अन्तर्राष्ट्रिय शान्ति महोत्सव***

हालै सम्पन्न 'लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव-२०२६' ले विश्वभर फैलिएको अस्थिरता र युद्धको सन्दर्भमा आशाको किरण प्रस्तुत गरेको छ । लुम्बिनी विकास कोष, नेपाल पर्यटन बोर्ड, नेपाल ओलम्पिक कमिटी र नेपालस्थित चिनियाँ दूतावासको सहकार्यमा सम्पन्न उक्त महोत्सवले लुम्बिनीलाई केवल आध्यात्मिक केन्द्र होइन, अन्तर्राष्ट्रिय संवादको मञ्चका रूपमा स्थापित गर्ने प्रयास गरेको छ । ध्यान साधना, 'पिस कन्सर्ट' र अन्तर्राष्ट्रिय पिस म्याराथन जस्ता कार्यक्रमले शान्तिको सन्देशलाई व्यवहारमा उतार्ने प्रयास गरेका छन् । विश्वका विभिन्न मुलुकबाट आएका भिक्षु, साधक, कलाकार र खेलाडीहरूको सहभागिताले लुम्बिनीलाई साँच्चिकै 'ग्लोबल पिस हब' को रूपमा प्रस्तुत गरेको छ ।

आजको विश्वमा युद्ध, आतङ्क, आर्थिक असमानता र सांस्कृतिक द्वन्द्व बढिरहेका छन् । यस्तो अवस्थामा बुद्धको मध्यम मार्ग, करुणा र प्रज्ञामा आधारित दर्शन अत्यन्त सान्दर्भिक देखिन्छ । बुद्धले सिकाएको 'अहिंसा', 'मैत्री' र 'सम्यक दृष्टि' जस्ता सिद्धान्तहरूले मानव जीवनलाई सन्तुलित, शान्त र सार्थक बनाउने आधार प्रदान गर्छन् । पश्चिमी मुलुकहरूमा 'माइन्डफुलनेस' (सचेतन), ध्यान र योगप्रतिको आकर्षण बढ्दै जानु यसको प्रमाण हो । माइन्डफुलनेस अध्ययन अहिले विश्वका प्रतिष्ठित विश्वविद्यालयमा अध्ययन-अध्यापनको विषय बनेको छ । यसले देखाउँछ कि लुम्बिनीबाट उत्पन्न भएको ज्ञान आज पनि विश्वलाई मार्गदर्शन गर्न सक्षम छ । तर, हामीले यो अथाह सम्भावनालाई वेवास्ता गरिरहेका छौं ।

लुम्बिनीलाई 'शान्ति कूटनीति' को केन्द्रका रूपमा विकास गर्ने सम्भावना पनि अत्यन्तै ठुलो छ । वर्तमान विश्वमा मध्यपूर्वलगायतका क्षेत्रमा देखिएको द्वन्द्वले देखाउँछ कि परम्परागत कूटनीतिक प्रयासहरू मात्र पर्याप्त छैनन् । यस्तो अवस्थामा आध्यात्मिक र सांस्कृतिक संवादमार्फत शान्ति स्थापनाको नयाँ विकल्प खोज्न आवश्यक छ । नेपालले सार्थक पहल गर्ने हो भने बौद्ध कूटनीतिका माध्यमबाट विश्व शान्ति वार्ता स्थल लुम्बिनीलाई बनाउन सकिन्छ ।

लुम्बिनी यस्तो संवादका लागि आदर्श स्थल बन्न सक्छ । यहाँ राजनीतिक, धार्मिक र सांस्कृतिक नेतृत्वहरूलाई एकै ठाउँमा ल्याएर संवाद, सहकार्य र समाधानका नयाँ मार्गहरू खोज्न सकिन्छ । 'लुम्बिनी संवाद' जस्ता अवधारणालाई संस्थागत गर्न सकेमा विश्व शान्ति प्रयासको अग्रपङ्क्तिमा नेपाल उभिन सक्छ ।

***बौद्ध सर्किट र पर्यटन विकास***

लुम्बिनीको विकास केवल आध्यात्मिक दृष्टिले मात्र होइन, आर्थिक र पर्यटन विकाससँग पनि गहिरो रूपमा जोडिएको छ । कपिलवस्तुको तिलौराकोट (प्राचीन कपिलवस्तु दरबार क्षेत्र, जहाँ बुद्धका पिता राजा शुद्धोदनको दरबार थियो), रुपन्देहीको देवदह ( मायादेवीको माइतीघर) र नवलपरासी बसुपको रामग्राम स्तूप (यहाँ बुद्धको अस्तुधातु रहेको छ) जस्ता बौद्धकालीन स्थललाई समेटेर 'बौद्ध सर्किट' विकास गर्न सकिन्छ । यही सम्भावनालाई आधार मानेर ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजनाको अध्ययन पूरा भएको छ । विश्व बैङ्कको सहकार्यमा यो परियोजनाको अध्ययन पूरा भएको हो । विश्व बैङ्कले यो परियोजनाका लागि १२ अर्ब ३५ करोड रुपियाँभन्दा धेरै लगानी गर्न तयार रहेको समेत निर्णय गरिसकेको छ । अब नेपाल सरकारले चाहेमा यो विषयमा सम्झौता गर्दै परियोजना कार्यान्वयनमा लैजान सक्छ । यसले नेपाललाई विश्वका बौद्ध अनुयायीको प्रमुख गन्तव्य बनाउने छ । चीन, श्रीलङ्का, थाइल्यान्ड, जापान, म्यानमारलगायत देशका लाखौँ बौद्ध श्रद्धालुलाई आकर्षित गर्न सकिने सम्भावना छ । यसबाट स्थानीय अर्थतन्त्र, रोजगारी र पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुग्ने छ । लुम्बिनीलाई केन्द्रमा राखेर यहाँका तराईका तीन जिल्ला मात्रै होइन, पहाडी जिल्लालाई समेत समेटेर हिलस्टेसनका रूपमा विकास गर्न सकिन्छ । बुटवलमा दुई वटा पहाडलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्ने गरी दुई ठुला केबलकार सञ्चालनमा छन्, नुवाकोट र वसन्तपुरमा अर्बौं लगानीमा होटल र रेष्टुरेन्ट खुल्दै छन् । यसलाई विस्तार गरेर होमस्टे, सांस्कृतिक डबलीमार्फत यहाँका पर्यटकलाई परपरसम्म लैजान सकिन्छ ।

***बेथिति नहोस्***

लुम्बिनी आज केवल गौतम बुद्धको जन्मस्थलको धार्मिक पहिचानमा सीमित छैन; यो विश्व समुदायलाई जोड्ने सांस्कृतिक, आध्यात्मिक र कूटनीतिक केन्द्रका रूपमा क्रमशः उभिँदै गएको छ । विभिन्न देशहरूले निर्माण गरेका विहार, गुम्बा र ध्यान केन्द्रहरूले लुम्बिनीलाई 'विश्व बौद्ध सहर' का रूपमा स्थापित गरिरहेका छन् । यसले नेपालको अन्तर्राष्ट्रिय छवि विस्तार मात्र होइन, पर्यटन, अर्थतन्त्र र सांस्कृतिक कूटनीतिमा पनि नयाँ सम्भावना खोलिदिएको छ । लुम्बिनीलाई केवल तीर्थस्थल नभई 'जीवित सङ्ग्रहालय' बनाएको छ, जहाँ धर्म, संस्कृति र अन्तर्राष्ट्रिय सम्बन्ध एकैसाथ अभिव्यक्त हुन्छन् तर यति ठुलो सम्भावनाका बिच व्यवस्थापनका कमजोरी र अनियमितताले गम्भीर प्रश्न उठाएका छन् । मोनास्ट्री निर्माणका नाममा प्लट वितरणमा भएको बेथिति, सम्झौता अनुसार निर्माण सम्पन्न नगर्ने प्रवृत्ति र कतिपय संरचनाको गैरधार्मिक प्रयोगले लुम्बिनीको मूल परिकल्पनामाथि नै असर पर्ने खतरा बढाएको छ । लुम्बिनी विकास कोषको प्रभावकारी नियमन अभाव र पूर्वअध्ययन प्रतिवेदनमाथि कारबाही नहुनुले समस्या अझ जटिल बनेको छ। पवित्र सम्पदाको भरपुर सदुपयोग गर्नेतर्फ राज्यका सम्बन्धित निकायको ध्यान जान सकेको छैन । लुम्बिनीलाई पवित्र तीर्थस्थल, बुद्धका अनुयायीको आस्थाको केन्द्र मात्रै होइन, विश्वशान्ति वार्ता स्थल पनि बनाउन सकिन्छ । यसका लागि कूटनीतिक पहलकदमीको खाँचो छ । मुलुकमा पहिले स्थायित्व, सुशासनको खाँचो छ । मुलुकभित्रका आन्तरिक समस्याको समाधानको खाँचो छ । हामी सुरुमै आग्रह गर्न चाहन्छौं कि पवित्र लुम्बिनीमा बेथिति नहोस् ।

यसैबिच युनेस्कोले मायादेवी मन्दिरको संरक्षण, वातावरणीय जोखिम र अव्यवस्थित पूर्वाधारप्रति व्यक्त गरेको चिन्ताले लुम्बिनीको दिगो भविष्यप्रति सचेत गराएको छ । यदि यस्ता चेतावनीलाई गम्भीरतापूर्वक नलिने हो भने लुम्बिनीको विश्व सम्पदा मूल्य नै कमजोर हुन सक्छ । त्यसैले अब गुरुयोजनाको कडाइका साथ कार्यान्वयन, पारदर्शी र उत्तरदायी व्यवस्थापन तथा सम्पदाको दिगो संरक्षणको खाँचो छ । लुम्बिनी केवल नेपालको सम्पत्ति होइन; यो समग्र मानव सभ्यताको साझा धरोहर हो, जसको रक्षा र संवर्धनमा कुनै पनि प्रकारको लापर्बाही नहोस् । पवित्र सम्पदा क्षेत्रमा बेथिति त झन् स्वीकारै छैन ।

लुम्बिनी केवल एउटा भौगोलिक स्थल होइन । यो मानव इतिहासको एक महत्वपूर्ण मोड हो, जहाँ करिब २६०० वर्षअघि गौतम बुद्धको जन्मसँगै मानव सभ्यताले नयाँ चिन्तन, दर्शन र जीवन पद्धतिको मार्ग प्राप्त गऱ्यो । आज जब विश्व पुनः द्वन्द्व, असहिष्णुता र अस्थिरताको चक्रमा अल्झिएको छ । लुम्बिनीबाट फेरि एक पटक शान्ति, करुणा र सहअस्तित्वको सन्देश प्रवाहित गर्ने प्रयास हुनु आफैँमा ऐतिहासिक सन्दर्भ बोकेको घटना हो ।

***पूर्वाधार र नीति सुधार***

लुम्बिनीको सम्भावना विशाल भए पनि यसको पूर्ण उपयोग गर्न अझै धेरै काम गर्न बाँकी छ । अन्तर्राष्ट्रियस्तरको पूर्वाधार, सहज यातायात, गुणस्तरीय आवास र प्रभावकारी व्यवस्थापन आवश्यक छ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि लुम्बिनीको पहुँच सहज भएको छ तर नियमित अन्तर्राष्ट्रिय उडान, सेवा सुधार र प्रचारप्रसार अझ सुदृढ गर्नुपर्ने आवश्यकता छ । भैरहवामा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण भएको छ तर यसको व्यापार कमजोर छ । विमानस्थललाई चलायमान बनाउन प्रभावकारी पहलको खाँचो छ । त्यस्तै, वातावरणीय संरक्षण, सांस्कृतिक सम्पदाको संरक्षण र स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्नु पनि उत्तिकै महषवपूर्ण छ । विकास र संरक्षणबिच सन्तुलन कायम गर्न सके मात्र लुम्बिनी दिगो रूपमा विकास हुन सक्छ ।

***शान्तिको सन्देश***

आजको अशान्त विश्वमा शान्तिको सशक्त सन्देश दिने केन्द्रका रूपमा लुम्बिनी उभिएको छ । गौतम बुद्धले देखाएको करुणा, सहिष्णुता र समझदारीको मार्ग कुनै एक धर्मका लागि मात्र होइन, सम्पूर्ण मानवताका लागि हो । लुम्बिनीले स्पष्ट सन्देश दिन्छ- शान्ति बाह्य शक्तिबाट होइन, व्यक्तिको आन्तरिक चेतनाबाट सुरु हुन्छ । लुम्बिनी अतीतको गौरव मात्र नभई भविष्यको सम्भावनासमेत हो । अन्तर्राष्ट्रिय सहकार्य र शान्ति पहलहरूबाट यसलाई व्यवहारमै विश्वशान्तिको केन्द्र बनाउन सकिने आधार देखिएको छ । दूरदर्शी नीति, प्रभावकारी कार्यान्वयन र विश्वस्तरीय सहकार्यबाटै लुम्बिनीलाई 'विश्वशान्तिको राजधानी' का रूपमा स्थापित गर्न सकिन्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## अमेरिका-इरान अन्तिम क्षणमा युद्धविराम, दुवै पक्षद्वारा जीतको दाबी

*वासिङ्टन, चैत २५ गते ।*
एक महिनाभन्दा बढी समयदेखि चलेको भीषण द्वन्द्वपछि अन्तिम घडीमा अमेरिका र इरान दुई हप्ताको अस्थायी युद्धविराममा सहमत भएका छन्। तर गोलीबारी रोकिए पनि दुवै पक्षले आफूलाई विजेता घोषणा गरेकाले तनावको मूल कारण अझै समाधानतर्फ नपुगेको सङ्केत देखिएको छ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले तय गरेको समयसीमा सकिन एक घण्टा बाँकी रहँदा सहमति जुटेको हो। त्यसपछि दुवै देशले युद्धविरामलाई आ-आफ्नो जीतका रूपमा प्रस्तुत गरेका छन्। ट्रम्पले यसलाई अमेरिकाका लागि 'पूर्णतः निर्णायक विजय' भएको बताउनुभएको छ भने इरानले पनि आफूले 'ऐतिहासिक र निर्णायक जीत' हासिल गरेको दाबी गरेको छ।

इरानी सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्ले जारी गरेको विज्ञप्तिमा इरानी राष्ट्रविरुद्ध गरिएको युद्धलाई 'अवैध र आपराधिक' भन्दै शत्रुले लज्जास्पद पराजय बेहोरेको उल्लेख गरिएको छ। त्यस्तै, इरानले यस विरामलाई स्थायी समाधानतर्फको पहिलो कदमका रूपमा लिँदै अमेरिकासँग वार्ता अघि बढाउने जनाएको छ। वार्ता पाकिस्तानमा शुक्रबारदेखि सुरु हुने तय गरिएको छ। यसबीच, ह्वाइट हाउसले इजरायल पनि युद्धविराममा सहमत भएको जनाएको छ। तर इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले स्पष्ट पार्दै यो सहमति लेबनानमा लागू नहुने बताउनुभएको छ। लेबनानमा इरान समर्थित हिजबुल्लाहसँगको द्वन्द्वमा हालसम्म एक हजार ५०० भन्दा बढी मानिसको ज्यान गइसकेको जनाइएको छ। इजरायलले सुरुबाटै अमेरिकालाई इरानविरुद्धको युद्धमा प्रत्यक्ष संलग्न हुन आग्रह गर्दै आएको थियो। फेब्रुअरीमा सुरु भएको प्रारम्भिक आक्रमणका क्रममा इरानका सर्वोच्च नेता अयातुल्ला अली खामेनी मारिएको दाबीसमेत गरिएको छ, जसले द्वन्द्वलाई थप चर्काएको थियो।

ट्रम्पले युद्धविरामको निर्णय लिनुअघि पाकिस्तानी नेतृत्वसँग परामर्श गरेको बताउनुभएको छ। उहाँका अनुसार पाकिस्तानले इरानमाथि 'विनाशकारी सैन्य कारबाही रोक्न' आग्रह गरेको थियो। उहाँले चीनले पनि इरानलाई वार्तामा ल्याउन भूमिका खेलेको विश्वास व्यक्त गर्नुभयो। युद्धविरामको मुख्य शर्तका रूपमा इरानले विश्वकै महत्त्वपूर्ण तेल मार्ग होर्मुज जलडमरूमध्य दुई हप्ताका लागि सुरक्षित रूपमा खोल्ने सहमति जनाएको छ। फेब्रुअरी २८ देखि सुरु भएको युद्धका क्रममा बन्द गरिएको यस मार्गबाट विश्वको झण्डै पाँचौं भाग तेल आपूर्ति हुने भएकाले यसको खुला हुनु विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ।

## अफगानिस्तानमा घरको छत खस्दा सात जनाको मृत्यु

*काबुल, चैत २५ गते ।*



पूर्वी अफगानिस्तानको नङ्गरहार प्रान्तमा घरको छत खसेर भएको दुर्घटनामा एउटै परिवारका सात जनाको मृत्यु भएको स्थानीय अधिकारीले बुधबार बताएका छन्। सूचना तथा संस्कृतिका प्रान्तीय निर्देशक कुरीसी बद्लोनका अनुसार मङ्गलबार राति सेरजाद जिल्लामा उक्त दुर्घटना हुँदा पीडितको घटनास्थलमै मृत्यु भएको थियो।

यस अघि सोमबार राति भारी वर्षाका कारण माटोको इँटाको छत खसेर भएको घटनामा पाँच जनाको ज्यान गएको थियो भने अन्य चार जना घाइते भएका थिए। पछिल्लो समयमा विपद् जन्य घटनाका कारण अफगानिस्तानमा मृतकको सङ्ख्या बढेको जनाइएको छ। यसै गरी विगत १२ दिनमा देशमा भारी वर्षा, पहिरो आँधीबेहरी र बिजुलीका कारण कम्तीमा १३२ जनाको मृत्यु भएको छ भने १९२ जना घाइते भएका छन्। अफगानिस्तानको दुर्गम र ग्रामीण क्षेत्रहरूमा आवासीय घर मुख्यतया माटोबाट निर्माण गरिएका छन् भने, यिनीहरू गम्भीर मौसमी प्रकोपको समयमा अत्यधिक जोखिममा रहेका छन्।

## पाटनमा दाजु भाइको चक्कु प्रहारबाट हत्या, दुई पक्राउ

२५ चैत, काठमाडौं -



ललितपुरको पाटनस्थित कृष्ण मन्दिर परिसरमा बुधबार साँझ भएको चक्कु प्रहारका क्रममा ३३ वर्षीय सुमीत नेम्बाङ र उनका २६ वर्षीय भाइ सिर्जन नेम्बाङको ज्यान गएको छ। प्रहरीले घटना पछि दुई जनालाई नियन्त्रणमा लिएको छ। प्रारम्भिक अनुसन्धानले देखाएको छ कि घटना आरोपी सञ्जीव नेपालीसँगको व्यक्तिगत विवादबाट उत्पन्न भएको हो। मृतक दाजु भाइले सञ्जीवको मोबाइलमा फोन गरेपछि अपरिचित दुवै पक्षबीच फोनमै भनाभन सुरु भएको थियो। विवाद बढ्दै गएपछि सञ्जीवले नेम्बाङ दाजु भाइलाई पाटन आउन बोलाएका थिए। पाटन पुग्दा सञ्जीवले मासु पसलमा प्रयोग हुने चक्कु लिएर उनीहरूमा प्रहार गरेको र घाइते दाजु भाइलाई तत्काल बी एण्ड बी अस्पताल लगिएको भए पनि उपचारकै क्रममा उनीहरूको मृत्यु भएको पुष्टि गरिएको छ। घटनामा संलग्न दुई जनालाई प्रहरीले भाग्दै गरेको अवस्थामा नियन्त्रणमा लिएको छ। प्रहरीले घटना सम्बन्धी सुरक्षा क्यामेरा, गवाह र अन्य प्रमाण संकलनमा सक्रिय रहँदै थप अनुसन्धान गरिरहेको जनाएको छ। स्थानीय बासिन्दा र मन्दिर वरपरका व्यापारीहरूले यस्तो हिंसात्मक घटना विरलै देखिने भए पनि जनजीवनमा बढ्दो तनावको संकेत भएको बताएका छन्। "हामीलाई कहिलेकाहीं सामान्य विवाद पनि यत्रो हतियार प्रहारमा परिणत हुन्छ भनेर डर लाग्न थालेको छ," एक स्थानीय व्यापारीले बताए। विशेषज्ञहरूले चेतावनी दिएका छन् कि यो घटना केवल व्यक्तिगत द्वन्द्व नभई सामाजिक सुरक्षा र नागरिक चेतनामा चुनौती थप्ने खालको भएको छ। विद्यार्थी, युवाहरू र स्थानीय बासिन्दाले सार्वजनिक स्थानमा हतियारको प्रयोगबाट हुने हिंसा प्रति संवेदनशीलता बढाउनुपर्ने देखिएको छ। प्रहरीका अनुसार यस घटनाले सार्वजनिक सुरक्षा र कानुन कार्यान्वयनको प्रभावकारिता बढाउन आवश्यकतामा जोड दिन्छ। नागरिकहरूको लागि सुरक्षित वातावरण सुनिश्चित गर्न स्थानीय प्रशासनसँग समन्वय र निगरानीलाई अझ कडा बनाउनु पर्ने देखिएको छ। पाटनको कृष्ण मन्दिर परिसरमा भएको यस हत्या घटनाले व्यक्तिगत विवाद र सार्वजनिक सुरक्षा बीचको जटिल सम्बन्ध उजागर गरेको छ। अनुसन्धान जारी रहँदा प्रहरीले दोषीमाथि कारबाहीका लागि आवश्यक कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेको छ।

## विदेशी...

समान महत्व दिने

३. पारस्परिक लाभमा आधारित सहकार्य विस्तार गर्ने

४. सन्तुलित र व्यावहारिक परराष्ट्र नीति अवलम्बन गर्ने

५. विदेशमा रहेका नेपालीको सुरक्षा र हितलाई प्राथमिकता दिने

६. साझा समृद्धिलाई कूटनीतिक सम्बन्धको आधार बनाउने

७. शान्तिलाई साझा एजेण्डा बनाउने

८. लगानी र उद्यमशीलताको लागि अनुकूल वातावरण निर्माण गर्ने

९. नेपाललाई क्षेत्रीय तथा वैश्विक आर्थिक संरचनामा समेट्ने

१०. नयाँ सरकार नीतिगत निरन्तरतामा विश्वास गर्ने

११. राजनीतिक स्थायित्व र पूर्वानुमानयोग्य नीतिमा प्रतिबद्ध रहने

१२. विकास, व्यापार, लगानी र जलवायु सहकार्यमा जोड दिने

प्रधानमन्त्रीले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध विश्वास, सहकार्य र पारस्परिक सम्मानमा आधारित रहने उल्लेख गर्दै विकास साझेदारहरूसँगको सम्बन्धलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरेका छन्।

## पोखरिया...

बहानामा अन्यत्र पठाउने प्रवृत्ति देखिएको उल्लेख गरिएको छ। अस्पतालमै उपलब्ध सेवासमेत बाहिरबाट लिन बाध्य बनाइएको गुनासो व्यापक रहेको टोलीले जनाएको छ। यसले सेवाग्राहीलाई अतिरिक्त आर्थिक भार र झन्झट थपेको निष्कर्ष निकालिएको छ। जेनजी युथले तीन महिनाअघि पेश गरेको १२ बुँदे सुझाव कार्यान्वयन नभएको भन्दै अस्पताल प्रशासनप्रति असन्तुष्टि व्यक्त गरेको छ। सो विषयमा निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. जयन्त भगवान मिश्रसँग प्रत्यक्ष छलफलसमेत गरिएको थियो। अनुगमनमा अस्पताल व्यवस्थापन समितिका पदाधिकारी तथा जेनजी युथका सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो। यता अस्पताल पक्षले भने सीमित जनशक्ति र स्रोतसाधनकै कारण सेवा व्यवस्थापनमा चुनौती आएको स्पष्ट पारेको छ।

## उपसभामुख...

गर्ने, संसदका गतिविधिलाई सहजीकरण गर्ने तथा विधायन प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने संवैधानिक व्यवस्था रहेको छ। राजनीतिक रूपमा पनि उपसभामुख चयनलाई महत्वपूर्ण मानिएको छ, किनकि यसले संसदमा शक्ति सन्तुलन र दलहरूबीचको समीकरणलाई समेत प्रभाव पार्न सक्छ।

## कार्यालयमा...

सरोकारवालाहरूले सरकारसँग आग्रह गरेका छन् कि कार्यालयभित्रको व्यवहार सुधार, हेल्प डेस्कको प्रभावकारी कार्यान्वयन, र कर्मचारी प्रशिक्षणमा ध्यान दिन आवश्यक छ। यसले मात्र सुशासनको वास्तविक प्रभाव सुनिश्चित गर्न सक्नेछ र नागरिकहरूको विश्वास बढाउनेछ।

## निजी...

शुल्क अनुसार एक पटक मात्र लिन पाइने, र वार्षिक शुल्क दुई महिनाको स्वीकृत मासिक शुल्क बराबर मात्र लिन पाइने व्यवस्था निर्देशिकामा उल्लेख छ। विद्यालयले शुल्क सम्बन्धित स्थानीय तहबाट स्वीकृत गराउनुपर्ने बाध्यता पनि छ।

शिक्षा मन्त्रालयले अभिभावक, विद्यार्थी र विद्यालयलाई स्पष्ट सन्देश दिएको छ कि बढी शुल्क लिनु गैरकानुनी छ र यसका लागि हेल्प डेस्क उपलब्ध छ। यस उपायले निजी शिक्षा क्षेत्रमा पारदर्शिता बढाउने र अभिभावक तथा विद्यार्थीको हित सुनिश्चित गर्ने उद्देश्य राखिएको छ।

## अख्तियारको...

बैठक सकिएसँगै राष्ट्रियसभाको अर्को बैठक आगामी चैत २७ गते शुक्रबार अपराह्न ४:१५ बजेका लागि निर्धारित गरिएको छ। आगामी बैठकमा उपसभामुखको निर्वाचन, विधायिकाको अन्य महत्वपूर्ण कार्यसूची र राजनीतिक निर्णयहरू हुने भएकाले यसलाई राजनीतिक रूपमा विशेष महत्वका साथ हेरिएको छ।

विशेषज्ञहरूले भनेका छन् कि अख्तियारको वार्षिक प्रतिवेदनले मुलुकमा सुशासनको अवस्था, भ्रष्टाचारको प्रवृत्ति र यसको नियन्त्रणका उपायहरू उजागर गर्ने भएकाले आगामी बहसले नीति निर्माण र प्रशासनिक सुधारमा महत्वपूर्ण भूमिका खेल्नेछ।

## कलैयाका...

सखुवा, साल र अन्य उच्च मूल्यका रुखहरू उपभोक्तालाई उपलब्ध नहुँदै, ठेकेदार र मिल सञ्चालकको साँठगाँठमा दोब्बर-तेब्बर मूल्यमा विक्रि वितरण भइरहेका छन्। ट्र्याक्टर मार्फत सेटिङ मिलाएर काठ बारम्बार भण्डारण र बिक्री गरिने गरेको स्थानीय स्रोतले बताए। स्थानीय नागरिक, वन संरक्षण समूह र व्यापारीहरूले सरकारसँग आग्रह गरेका छन् कि अवैध भण्डारण रोक्न सघन अनुगमन, छानबिन र दोषीको कारबाही तुरुन्त लागू गर्नुपर्छ। साथै, जंगलको संरक्षण र सामुदायिक बनको कानुनी वितरण सुनिश्चित गर्न सार्वजनिक निगरानी प्रणाली निर्माण गर्न आवश्यक रहेको उनीहरूले जोड दिएका छन्।

यस घटनाले स्पष्ट देखाएको छ कि काठ तस्करी केवल जंगल नष्ट गर्ने मात्र नभई स्थानीय जमिन र समुदायको आर्थिक हितमा पनि खतरा बनिरहेको छ। सम्बन्धित निकायको सक्रियता र कारबाही नगरीयो भने, अवैध व्यापारले स्थानीय वन र जैविक स्रोतमा दीर्घकालीन नोक्सान पुर्‍याउने खतरा कायम रहनेछ।


जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# वीरगञ्ज यातायात कार्यालयमा लेखापढी व्यवसायीको विरोध, “विचौलिया” पक्राउपछि सेवा ठप्प




***संवाहक सम्वादाता-२५चैत्र, कलैया***
वीरगञ्जस्थित यातायात कार्यालय अगाडि कार्यरत लेखापढी व्यवसायीहरूले आफ्नो सटर बन्द गर्दै विरोध प्रदर्शन गरेका छन्। प्रहरीको सक्रिय निगरानी र ‘विचौलिया’को आरोपमा केही व्यवसायी पक्राउ परेपछि उनीहरू आन्दोलित बनेका हुन्।

व्यवसायीहरूका अनुसार कार्यालय परिसरमा प्रवेश गर्नासाथ प्रहरीले अनावश्यक रूपमा नियन्त्रणमा लिने, दुर्व्यवहार गर्ने र वैध व्यवसायीहरूलाई पनि ‘विचौलिया’को आरोपमा पक्राउ गर्ने कार्य बढेको छ। व्यवसायीहरूले आफूहरू वैधानिक रूपमा सेवाग्राहीलाई सेवा दिइरहेको दाबी गर्दै, बिनास्वीकृति आरोप लगाएर पक्राउ गर्न थालिएपछि बाध्य भएर सटर बन्द गर्नुपरेको बताएका छन्।

प्रहरी प्रवक्ता रविन्द्र खनालले भने, “अवैध बिचौलियामार्फत सेवाग्राही ठगिने घटनाहरू बढेपछि कार्यालय परिसरमा निगरानी र कारबाही कडा पारिएको हो। वास्तविक व्यवसायी र अवैध गतिविधिमा संलग्न व्यक्तिहरूलाई छुट्याएर आवश्यक कानुनी प्रक्रिया अघि बढाइनेछ।”

यो घटनाले कार्यालयको नियमित कामकाजमा प्रभाव पारेको छ। दैनिक सेवाग्राहीहरू प्रभावित भएका छन् भने सवारी दर्ता, पास र अन्य प्रशासनिक प्रक्रिया ढिलाइ भएको छ। व्यवसायीहरूको विरोधका कारण कार्यालय परिसरमा सामान्य कार्य वातावरण तनावपूर्ण बनेको छ।

विशेषज्ञहरूले यस घटनाले सरकारी कार्यालय र निजी सेवा प्रदायकबीच स्पष्ट संवादको कमीलाई उजागर गरेको बताएका छन्। उनीहरूको सुझाव छ कि कार्यालयले व्यवसायीहरूको वैध सेवा र अवैध गतिविधि छुट्याउने स्पष्ट मापदण्ड निर्माण गर्नुपर्नेछ, ताकि सेवाग्राहीलाई असर नपरोस् र प्रशासनिक नियन्त्रण प्रभावकारी बनोस्।

स्थानिय नागरिकहरू पनि यस घटनाबाट प्रभावित देखिएका छन्। कार्यालयका सेवाग्राहीहरूले सटर बन्द हुँदा आवश्यक कागजात र सेवा प्राप्त गर्न असुविधा भएको बताएका छन्।

सरकार र प्रशासनिक निकायहरूले अब व्यवसायी र सेवाग्राहीको हित दुवैलाई ध्यानमा राख्दै निगरानी, अनुगमन र नियमको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने चुनौती सामना गर्नुपर्ने देखिन्छ।

# अख्तियारको वार्षिक प्रतिवेदन राष्ट्रियसभामा पेश

***काठमाडौं, २५ चैत –***
राष्ट्रियसभाको बुधबारको बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (ऋक्ष्ब्ब) को आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन औपचारिक रूपमा प्रस्तुत गरिएको छ। प्रधानमन्त्री बालेन्द्र शाहको तर्फबाट सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले आयोगको विस्तृत प्रतिवेदन सदनमा पेस गर्नुभएको हो।



वार्षिक प्रतिवेदनमा आयोगले वर्षभरि गरेका अनुसन्धान, भ्रष्टाचार नियन्त्रणका प्रयास, पत्ता लगाइएका प्रमुख मुद्दाहरू, दोषी ठहर भएका व्यक्तिहरू र भावी चुनौतीहरू समेटिएको छ। प्रतिवेदनले सार्वजनिक प्रशासन, सरकारी निकाय र स्थानीय तहमा भ्रष्टाचार नियन्त्रणका उपाय, अनुसन्धान प्रक्रिया, कारबाही र सुधारका सिफारिसहरू पनि स्पष्ट पारेको छ। प्रतिवेदन पेश भएपछि संसदीय प्रक्रियाअनुसार यसबारे बहस र छलफल अगाडि बढ्नेछ।

विशेषज्ञहरूले यस प्रतिवेदनलाई सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणमा राजनीतिक र प्रशासनिक दिशा निर्धारण गर्ने महत्वपूर्ण दस्तावेज भएको बताएका छन्।

यसै क्रममा बैठकमा राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले मन्त्रिपरिषद्को मर्यादाक्रममा गरिएको पछिल्लो हेरफेरबारे राष्ट्रपतिको कार्यालयबाट प्राप्त पत्रको जानकारी सदनलाई गराउनुभयो। यसले सरकारको आन्तरिक संरचना, पदसोपान र प्रशासनिक परिवर्तनहरूलाई आधिकारिक अभिलेखमा ल्याएको छ। बैठकमा अन्य समसामयिक विषय, संसदीय कार्यसूची र विभिन्न महत्त्वपूर्ण प्रस्तावहरूमा सामान्य छलफल पनि भएको थियो। संसदीय सचिवालयका अनुसार बुधबारको

बाँकी तेस्रो पृष्ठमा

# उपसभामुख चयनका लागि चैत २७ मा निर्वाचन, आज मनोनयन दर्ता

***काठमाडौं – २५ चैत्र,***
प्रतिनिधिसभा को उपसभामुख चयनका लागि चैत २७ गते शुक्रबार निर्वाचन हुने भएको छ। बुधबार बसेको प्रतिनिधिसभा बैठकमा डोलप्रसाद अर्याल ले प्रतिनिधिसभा नियमावली २०७९ को नियम ८ बमोजिम उपसभामुख पदको निर्वाचन मिति घोषणा गरेका हुन्।



सभामुख अर्यालले निर्वाचन प्रक्रिया व्यवस्थित रूपमा अघि बढाउन आवश्यक तयारी गर्न संसद सचिवालयलाई निर्देशन दिएका छन्। सोहीअनुसार उपसभामुख निर्वाचनसम्बन्धी कार्यक्रम सार्वजनिक गर्ने जिम्मेवारी हर्कराज राई लाई दिइएको छ।

संसद सचिवालयका अनुसार उपसभामुख पदका लागि उम्मेदवारी दर्ता प्रक्रिया बिहीबार सम्पन्न हुनेछ। राजनीतिक दलहरूबीच सहमति वा प्रतिस्पर्धा हुने विषय भने अझै खुल्न बाँकी रहेको छ।

निर्वाचन कार्यक्रमअनुसार चैत २७ गते अपरान्ह ४ बजे बस्ने प्रतिनिधिसभा बैठकमै मतदान प्रक्रिया सञ्चालन गरिनेछ। सोही दिन मत परिणाम सार्वजनिक भई नयाँ उपसभामुख चयन हुने अपेक्षा गरिएको छ।

उपसभामुख पद रिक्त रहेपछि संसदको कार्य सञ्चालनमा प्रभाव पर्ने भएकाले उक्त पद पूर्ति गर्न निर्वाचन प्रक्रिया अघि बढाइएको हो। उपसभामुखले सभामुख अनुपस्थित हुँदा बैठक सञ्चालन

बाँकी तेस्रो पृष्ठमा

# निजी विद्यालय शुल्क नियन्त्रणका लागि शिक्षा मन्त्रालयद्वारा हेल्प डेस्क सञ्चालनमा

***काठमाडौं । २५ चैत्र,***
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी विद्यालयहरूले विद्यार्थी तथा अभिभावकबाट स्वीकृत भन्दा बढी शुल्क लिन रोक्न र गुनासो उजुरी गर्न शिक्षा विकास तथा मानवस्रोत विकास केन्द्रमा हेल्प डेस्क (सहायता कक्ष) स्थापना गरेको छ। बुधबार मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा ले प्रेस विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएका छन्। यस हेल्प डेस्कले विद्यार्थी, अभिभावक र सरोकारवालाहरूलाई निजी विद्यालयको बढी शुल्क सम्बन्धी गुनासो दर्ता गर्न, रिपोर्टिङ गर्न र समाधान प्रक्रियामा सहयोग पुर्‍याउनेछ। केन्द्रका निर्देशक निमप्रकाश सिंह राठौर लाई ९८५११२१४६३८ मा सम्पर्क गर्न सकिने विज्ञप्तिमा उल्लेख छ।




मन्त्रालयले शैक्षिक सत्र सुरु हुनु अघि नै विद्यार्थी भर्ना नगर्न र स्वीकृत मापदण्डभन्दा बढी शुल्क नलिन निजी विद्यालयलाई पुनः सचेत गराएको छ। सर्वोच्च अदालतको आदेशअनुसार शैक्षिक सत्र सुरू भएपछि मात्र भर्ना लिन पाउने नियम जारी छ। प्रवक्ता सापकोटाले भने, “केही निजी विद्यालयले अझै पनि कानुनविपरीत शुल्क लिने कार्य निरन्तर गरेको गुनासो आएको छ। यदि बढी शुल्क लिइएको पुष्टि भएमा सम्बन्धित निकायमार्फत विद्यार्थीलाई शुल्क फिर्ता गराइनेछ।”

शिक्षा ऐन, २०२८ अनुसार कुनै पनि निजी विद्यालयले तोकिएको मापदण्डभन्दा बढी शुल्क लिन नपाउने प्रावधान छ। गैरकानुनी शुल्क लिने विद्यालयलाई २५ हजार रुपैयाँसम्म जरिवाना गर्न सकिने व्यवस्था छ। स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र गृह मन्त्रालयसँग समन्वय गरी कारबाही अघि बढाउने व्यवस्था पनि मन्त्रालयले स्पष्ट पारेको छ।

निजी विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका, २०७२ अनुसार विद्यालयले १४ शीर्षकमा मात्र शुल्क लिन पाउनेछन्, जसमा मासिक पढाइ, वार्षिक, भर्ना, धरौटी, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास, भोजन, परिवहन (यातायात), शैक्षिक भ्रमण, अन्तरविद्यालय प्रतियोगिता र शैक्षिक सामग्री समावेश छन्। मासिक पढाइ शुल्क १२ महिनाभन्दा बढी लिन नपाइने, भर्ना शुल्क सोही कक्षाको स्वीकृत

बाँकी तेस्रो पृष्ठमा

# चितवनमा स्पा केन्द्रमा प्रहरी छापा, ८ जना नियन्त्रणमा

***चितवन, २५ चैत्र –***
भरतपुर र नारायणगढ बजार क्षेत्रमा सञ्चालन भइरहेका केही स्पा तथा मालिस केन्द्रमा प्रहरीले आकस्मिक अनुगमन गर्दै छापा मार्यो। यस क्रममा एक महिलासहित ८ जनालाई नियन्त्रणमा लिइएको छ। प्रहरीले प्रारम्भिक अनुसन्धानमा पत्ता लगाएको अनुसार केही केन्द्रहरू आवश्यक दर्ता र अनुमति बिना सञ्चालनमा थिए भने कोठाभित्र विद्युतीय भुक्तानी संकेत राखिएको र शंकास्पद गतिविधि भइरहेको देखिएको छ।

जिल्ला प्रहरी कार्यालय चितवन अन्तर्गत प्रहरी नायब निरीक्षक जहरलाल स्याङतनको नेतृत्वमा करिब १० सदस्यीय टोली खटिएको थियो। टोलीले विभिन्न स्पा केन्द्रहरूको अनुगमन गर्दै कानूनविपरीत गतिविधि हुने स्थानमा छापा मारेको बताइएको छ।

अनुगमनमा नमस्ते किङ स्पा, कान्तिपुर स्पा, मुनस्टार स्वास्थ्य हेरचाह तथा स्पा, गुड स्वास्थ्य स्पा र हेप्पी स्वास्थ्य स्पा लगायतका स्थानहरू समावेश थिए। छापामा सहभागी प्रहरी टोलीले स्पा सञ्चालक, कर्मचारी र केही सेवाग्राहीलाई नियन्त्रणमा लिएको थियो। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता रविन्द्र खनालका अनुसार नियन्त्रणमा लिइएका व्यक्तिहरूमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइनेछ। साथै, घटनाबारे थप अनुसन्धान जारी रहेको छ र कानुनी मापदण्ड उल्लंघन भएमा आवश्यक कारबाही हुने उनले बताए।

प्रहरीले यस किसिमको अनुगमन अभियान नियमित रूपमा सञ्चालन गर्ने योजना बनाएको छ, ताकि नागरिकको सुरक्षा र व्यवसायिक नियमको पालना सुनिश्चित गर्न सकियोस्।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”
“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”
सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।